उपमहालेखा नि... ...हालेखा नियन्त्रक कार्यालयमा सम्पर्क...

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

च.नं. ३६६४

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

मिति २०७६/१०/२१

श्रीमान अध्यक्षज्यू

वडा नं. १ देखी २९ सबै

भ.म.न.पा. ।

विषय: साइनेज टाँस गर्ने सम्वन्धमा ।

प्रस्तुत सम्बन्धमा मिति २०७६ माघ १७ गते बसेको आगामी डिसेम्वर महिनामा भरतपुरमा हुन गैरहेको पाँचौ अन्तर्राष्ट्रिय Asia Pacific Cities Alliance for Tobacco Control and NCDs Preventions (APCAT) SUMMIT तयारी समितिको वैठकको निर्णयानुसार त्यस वडा कार्यालयमा सवैले देख्ने स्थानमा तोकिएको मापदण्ड अनुसार " धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन निषेधित क्षेत्र " साइनेज टाँस गर्ने निर्णय भएकोले सो सम्बन्धमा भएको निर्णयको प्रतिलिपि यसै पत्र साथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

१०/२१

प्रद्युम्न प्रसाद उपाध्याय

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

आज मिति २०७६ माघ १७ गते शुक्रवारका दिन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री प्रद्युम्न प्रसाद उपाध्यायको अध्यक्षतामा APCAT SUMMIT सम्बन्धमा बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिती

(१.) नि. प्रमुख प्रशासकिय अधिकृत, श्री प्रद्युम्न प्रसाद उपाध्याय
(२) सहायक प्रमुख जिल्ला अधिकारी, श्री नेत्र प्रसाद शर्मा
(३) प्रवक्ता, भरतपुर महानगर, श्री अरुण पियोत भण्डारी
(४) वडा अध्यक्ष ४, श्री हरिप्रसाद आचार्य
(५) वडा अध्यक्ष ३, श्री चन्द्रमित्र पण्डित
(६.) प्र.ना.उ. एवं नारायण कोइराला
(७) एड. प्रोफेसर, डा. देव प्रसाद पाण्डे, कृषि तथा वन विज्ञान विश्वविद्यालय Rampur
(८.) WAY Group Nepal अध्यक्ष :- मोज नारायण कँडेल
(९.) " " " उपाध्यक्ष :- विजय सापकोटा
(१०) विज्ञ सल्लाहकार, भरतपुर महानगर, गोपाल न्यौपाने
(११) जं०स्वा०अ., भरतपुर महानगरपालिका श्री दिपक सुवेदी
(१२) ज. स्वा. अ., भरतपुर महानगरपालिका सचिना पौडेल
(१३) एभरेस्ट रेफरल भरत विक्रम शाह
(१४) स्वस्थ नेपाल अजित कुमार वन
(१५) स्वास्थ्य पत्रकार मञ्च, अध्यक्ष, कल्पना आचार्य
१६. स्वास्थ्य पत्रकार मञ्च नेपाल - महासचिव, रामप्रसाद न्यौपाने
१७) सदस्य स्वास्थ्य का कोष :- आनन्द बहादुर चन्द
१८, सुदर्शन चन्द्र अधिकारी प्रेस सल्लाहकार भरतपुर महानगरपालिका
१९.. राजु पौडेल - अध्यक्ष चितवन उद्योग संघ
२० सोनका पण्डित यु. नि. क.म.न.पा.
२१. सन्दिप पौडेल विद्यार्थी

निर्णय नं १ भरतपुर महानगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालय र अन्य सबै सरकारी कार्यालयहरुमा " धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन निषेधित क्षेत्र " भनि सबैले देख्ने गरी अनिवार्य रुपमा एक हप्ता भित्र साइनेज टाँस गर्ने निर्णय गरियो ।

निर्णय नं २ भरतपुर महानगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरुमा " धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन निषेधित क्षेत्र " भनि सबैले देख्ने गरी अनिवार्य रुपमा एक हप्ता भित्र साइनेज टाँस गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई पत्राचारका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ३ विद्यालय, अस्पताल लगायतका सबै सार्वजनिक स्थलहरुको १०० मिटर वरीपरि "सूर्तिजन्य पदार्थ प्रयोग निषेधित क्षेत्र" घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं ४ वि. पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा परामर्श कक्ष ( COUNSELING DESK) स्थापनाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५ चितवन उद्योग संघ, उद्योग वाणिज्य संघ र चेम्वर अफ कमर्स लाई आफु र आफ्ना मातहतका उद्योग, व्यवसाय स्थल तथा कार्यस्थलमा सबैले स्पष्ट देखिने गरी " धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन निषेधित क्षेत्र" भनि अनिवार्य रुपमा साइनेज टाँस गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६ महानगरपालिकाका उपसचिव श्री प्रद्युम्न प्रसाद उपाध्यायको संयोजकत्वमा वातावरण शाखा बाट १ जना र स्वास्थ शाखाबाट १ जना गरी ३ सदस्यीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ भरतपुर महानगरको आयोजनामा आगामी डिसेम्वर २०२० मा हुने पाँचौ APCAT SUMMIT को तयारीका लागि नियमित बैठक हरेक महिनाको ८ गते बिहान ८ बजे महानगरमा बस्ने निर्णय गरियो ।

निर्णय नं ८ भरतपुर महानगरमा सूर्तिजन्य पदार्थ सेवन निषेधित क्षेत्र घोषणाका लागि बिभिन्न संचार माध्यमहरुबाट नियमित प्रचार प्रसार गर्ने निर्णय गरियो ।

Scanned by CamScanner